प.सं. प्रशासन /०७१/०७२ मिति :– २०७१।१२।४
च.नं.

**विषय :– निर्णय उतार पठाइएको सम्बन्धमा ।**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
नगरपालिका व्यवस्था शाखा
सिंहदरवार ।

प्रस्तुत विषयमा यस कार्यालयको न.पा. वोर्डले मिति २०७१ साल फल्गुण महिनामा गरेको निर्णय उतार तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**तपसिल**

**निर्णय नं. १(एक)**

यस नगरपालिका र जगेडा कोषको संयुक्त लगानीमा निर्माण कार्य गर्ने गरी ५ (पाँच) वटा योजनाहरु माग गरी पठाईएकोमा जगेडा कोषको च.नं. ११० मिति २०७१।७।१६ को पत्रानुसार स्वीकृत भएका योजनाहरुको बोलपत्र गर्दा ठेक्का अंक रु. २,०६,७२,७७९।५४ भई रु. ९३,२७,२२०।४६ बचत हुन गएकोले सो रकम मध्येबाट सि.न.पा. वडा नं. १ बेलहियामा शौचालय तथा शहरी सेवा केन्द्र निर्माण कार्यको लागि प्राविधिकबाट तयार भई पेश भएको लागत अनुमान रु. ९२,४०,३६७।- (अक्षेरेपी बयानब्बे लाख चालिस हजार तीन सय सतसठ्ठी मात्र) स्वीकृत गरी आयोजना स्वीकृतिका लागि सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ (दुई)**

यस नगरपालिकामा सञ्चालित एकीकृत शहरी विकास आयोजना अन्तर्गत Integrated Solid Waste Management Subproject (IUDP/SWM/SDN/ICB-02) को लागि २९ अक्टोबर २०१४ को राष्ट्रिय अंग्रेजी दैनिक पत्रिका रिपब्लिकामा प्रकाशित सूचना अनुसार पेश हुन आएका ३ (तीन) वटा बोलपत्रहरुको प्राविधिक प्रस्ताव मूल्यांकन गरी यस समितिको मिति २०७१।१०।१३ को निर्णयानुसार न.पा.मा सिफारिस भै सि.न.पा.को मिति २०७१।१०।१४ को निर्णय बमोजिम प्राविधिक प्रस्ताव स्वीकृत गरी सहमतीको लागि आयोजना समन्वय कार्यालय (PCO) मार्फत एशियाली विकास बैंक (ADB) मा पठाईएकोमा आयोजना समन्वय कार्यालयबाट बोलपत्र सम्बन्धी कागजात समेत अध्ययन गर्दा बोलपत्रको पुनरावलोकन गर्नु पर्ने देखिएकोले मिति २०७१।१०।२९ तदनुसार १२ फेब्रुअरी २०१५ को पत्रबाट बोलपत्र पुनरावलोकनका लागि लेखि आएको छ । यस विषयमा आयोजना समन्वय कार्यालय (PCO) बाट खटिएका इन्जिनियर श्री सुजन राज रेग्मी र (PMSC) बाट खटिनु भएका विज्ञ श्री अशोक शाही समेत परियोजना कार्यान्वयन इकाईका प्राविधिक टोलीसंग संयुक्त रुपमा बसी छलफल र कागजातहरु अध्ययन गर्दा Ramky - Nepal Adarsha Nirman Company Joint Venture, Kuleshwor, Kathmandu को प्राविधिक प्रस्ताव साथ पेश भएको Project of Similar Size and Nature मा निजले पेश गरेको बैतडी - दार्चुला सडक परियोजनाको कार्य अनुभव सम्बन्धी सडक विभागको मिति १ जुलाई २०१० को पत्रमा Upgrading of



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

Satbanjh - Gokuleswor सडकको निर्माण कार्य ठेक्का नं. RSDP/NCB/SG-07 & RSDP/NCB/SG-08A को जम्मा कार्य अनुभव रु. २७,२५,३६,१८७६९ (मूल्य समायोजन र मु.अ.कर समेत) प्रमाण पत्र र निजले सो कार्यका लागि गरेको संयुक्त उपक्रम सम्झौता अनुरुप उक्त कार्यमा निजको ४५ प्रतिशत साझेदारी रहेको देखिएकोमा उक्त दुवै ठेक्काहरुको अलग अलग कार्य अनुभव स्पष्ट नखुलेको र Bid Document को Technical Evaluation Section 3 Similar Size and Nature 2.4.1 मा एउटै Project मा प्रत्येक साझेदारले कम्तीमा पनि 0.85 million US $ को कार्य अनुभव पेश गर्नु पर्ने प्रावधान अनुरुप निजले एउटै Project बाट कार्य अनुभव प्राप्त गरेको नभई दुईवटा Project बाट प्राप्त गरेको संयुक्त कार्य अनुभव प्रमाण पत्र पेश गरेको कारण यस अघि बोलपत्र मूल्यांकन समितिले एउटै आयोजनाको कार्य अनुभव मान्न नसकिने देखि सोही आधारमा मूल्यांकन गरिएकोमा विज्ञहरुको सुझाव समेतको आधारमा उक्त दुवै कार्यको अलग अलग कार्य अनुभव छुट्टिने गरी खुल्न आएमा तोकिएको न्यूनतम कार्य अनुभव कुनै एउटै आयोजनाबाट मात्र पुरा हुन सक्ने वा नसक्ने स्पष्ट हुने अवस्था देखिन आएको र यस सम्बन्धमा Bid Document को ITB 27 Clarification of Bids अनुरुप मूल्यांकन समितिले प्रष्ट नभएका विषयमा प्रस्टताको लागि सम्बन्धित बोलपत्रदातासंग बुझ्न सक्ने व्यवस्था समेत रहेको हुँदा उक्त कार्य अनुभव प्रमाण पत्रमा ठेक्का नं. RSDP/NCB/SG-07 & RSDP/NCB/SG-08A को छुट्टा छुट्टै मूल्य खुलेको कार्य अनुभव प्रमाण पत्र ७ (सात) दिन भित्र पेश गर्न सम्बन्धित बोलपत्रदाता Ramky - Nepal Adarsha Nirman Company Joint Venture, Kuleshwor, Kathmandu लाई 13 February 2015 को च.नं. १२३/०७१/७२ को पत्रद्वारा Clarification माग गरिएकोमा निज निर्माण व्यवसायीबाट 15 February 2015 को पत्रद्वारा पेश भएको Clarification अनुसार Baitadi – Darchula Road Project को 1 July 2010 मा जारी भएको पत्रानुसार Upgrading of Satbanjh – Gokuleshwore Road Sector Development Project Contract No. RSDP/NCB/SG-07 को Value of Work Completed Till Date with 13% VAT Rs. 177,872,595.03 (Including Price Adjustment) भनि लेखि आएकोले सोको मू.अ.कर बाहेकको मूल्य Rs. 157,409,376.13 हुनेमा 1 July 2010 को नेपाल राष्ट्र बैंकको विदेशी विनिमय दर अनुसार 1 US $ को बिक्री मूल्य रु. ७४।८५ रहेकोमा माथि उल्लेखित कार्यको जम्मा कार्य अनुभव US $ 2,102,997.68 रहेकोमा Nepal Adarsha निर्माण सेवाको सो कार्यमा ४५% को साझेदारी रहेकोले निज निर्माण व्यवसायीको कार्य अनुभव US $ 946,348.96 अर्थात US $ 0.95 million हुने देखिएको र सो रकम Technical Evaluation Section 3 Similar Size and Nature 2.4.1 मा एउटै Project मा प्रत्येक साझेदारले कम्तिमा पनि US $ 0.85 million को कार्य अनुभव पेश गर्नु पर्ने प्रावधान भन्दा बढी देखिएकोले Similar Size and Nature को कार्य लगायत Evaluation criteria को सम्पूर्ण Criteria पुग्ने देखि RAMKY – Nepal Adarsha Nirman Company JV को Technical Evaluation स्वीकृतीका लागि र अरु बाँकी दुई बोलपत्रदाता UPL EEL – Khani Nirman Sewa Pvt. Ltd. JV र Zhongding International Engineering Co. Ltd. – Pappu Construction JV को प्राविधिक प्रस्ताव पुनरावलोकन गर्दा समेत यस अघि मूल्यांकन समितिको मिति २०७१।१०।१३ गतेको निर्णय यथावत नै राख्नु पर्ने देखिएकोले निजहरुको प्राविधिक प्रस्ताव अस्वीकृत गर्ने गरी बोलपत्र मूल्यांकन समितिको मिति २०७१।११।३ को बैठकबाट सिफारिस भए अनुरुप निज RAMKY – Nepal Adarsha Nirman Company JV को प्राविधिक प्रस्ताव स्वीकृत गर्ने र बाँकी २ वटा बोलपत्रदाताहरु UPL EEL – Khani Nirman Sewa Pvt. Ltd. JV र Zhongding International Engineering Co. Ltd. – Pappu Construction JV को प्राविधिक प्रस्ताव अस्वीकृत गरी सहमतिका लागि आयोजना समन्वय कार्यालय (PCO) मार्फत एशियाली विकास बैंक (ADB) मा पठाउने निर्णय गरियो । साथै ADB को सहमती प्राप्त भए पछि प्राविधिक प्रस्ताव अस्वीकृत भएका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव नखोली निजहरुलाई नै फिर्ता पठाउने निर्णय गरियो ।



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**मिति २०७१।११।२७ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

**निर्णय नं. १ (एक)**

सिद्धार्थनगर नगरपालिका अन्तरगत निम्न वडाहरुमा पूर्व प्राथमिक विद्यालय कक्षा सञ्चालन गर्नका लागि निम्न संस्थाहरुबाट निवेदन प्राप्त भएको हुँदा निवेदन प्राप्त पूर्व प्राथमिक विद्यालय सञ्चालन गर्न कार्यालयबाट मिति २०७१।११।२५ को निर्णयानुसार दिईएको सिफारिशलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निम्न**

१. टाईनी टोलर्डस प्रो. स्कुल – सि.न.पा. वार्ड नं. – ७
२. सिद्धार्थ ईन्स्टिच्यूट अफ एजुकेशन एण्ड डेभलपमेन्ट – सि.न.पा. वार्ड नं. – ३
३. सौरभी एकेडेमी – सि.न.पा. वार्ड नं. – ३



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np